अप्रिल ४, २००८

# संयुक्त राज्य अमेरिका शान्तिपूर्ण निर्वाचनको पक्षमा

निर्वाचन आउन एक हप्ता मात्र बाँकी रहेको बेलामा संयुक्त राज्य अमेरिका आफू शान्तिपूर्ण निर्वाचनको पक्षमा रहेको कुरा दोहोऱ्याउन चाहन्छ । शान्तिपूर्ण निर्वाचनको माध्यमबाट मात्र सम्पूर्ण नेपालीले आफ्नो भाग्यको छनौट स्वतन्त्रतापूर्वक गर्न पाउनेछन् । यो निर्वाचन नेपालका जनताको लागि एक ऐतिहासिक अवसरको रुपमा रहनुपर्नेछ, जसमार्फत नेपालको आगामी सरकारको संवैधानिक स्वरुप निर्धारण गर्ने प्रतिनिधिहरु चुनिनेछन् । यसले यहाँको संक्रमणकालमा एउटा महत्वपूर्ण मोड ल्याउनेछ जसमार्फत हामी एक नयाँ शान्तिपूर्ण, समुन्नत, तथा लोकतान्त्रिक नेपालको आशा गर्नसक्छौं । हामी उम्मेदवार, मतदाता, पार्टी कार्यकर्ता, अधिकारीहरु, वा पर्यवेक्षकहरुमाथि कुनै पनि पार्टी वा समूहद्वारा हुने कुनै पनि प्रकारका डरत्रास वा हिंसात्मक क्रियाकलापको भर्त्सना गर्दछौं । हामी सम्पूर्ण नेपालीलाई आफ्ना सहनागरिक नेपालीहरुको भयमुक्त भई मतदान गर्न पाउने अधिकारको रक्षा गर्न तथा निर्वाचनको परिणामको सम्मान गर्न आग्रह गर्दछौं ।

###